थारू मानक भाषा लेखनशैली निर्देशिका



थारू आयोग
अनामनगर, काठमाडौं, नेपाल

थारु मानक भाषा लेखनशैली निर्देशिका

प्रकाशन वर्ष : २०८३ साल
सम्पादन : डा. कृष्णराज सर्वहारी
प्रकाशक : थारु आयोग
अनामनगर, काठमाडौं

थारू मानक भाषा लेखनशैली निर्देशिका



थारु आयोग
अनामनगर, काठमाण्डौ

अध्ययन समिति

मुख्य अध्ययनकर्ता	–	**श्री भुलाई चौधरी**, अध्यक्ष, थारू भसा साहित्य केन्द्र, नेपाल ।
सहायक अध्ययनकर्ता	–	**श्री महेश कुमार चौधरी**, उप-प्राध्यापक, त्रि.वि., सदस्य-थारू भाषा मानक मस्यौदा समिति ।
अध्ययनकर्ता	–	**श्री प्रेमी लाल चौधरी**, अध्यक्ष, थारू कल्याणकारिणी सभा ।
अध्ययनकर्ता	–	**श्री बुद्धसेन चौधरी**, उपाध्यक्ष, थारू भसा साहित्य केन्द्र,नेपाल, सदस्य-थारू भाषा मानक मस्यौदा समिति
अध्ययनकर्ता	–	**डा. राम बहादुर चौधरी**, सिनियर फ्याकल्टी, सदस्य-थारू भाषा मानक मस्यौदा समिति
अध्ययनकर्ता	–	**श्री अनिलदत्त चौधरी**, क्याम्पस प्रमुख, अमर शहिद बहुमुखी क्याम्पस, बर्दिया ।
अध्ययनकर्ता	–	**श्री लक्की चौधरी**, पत्रकार (फोनिज अध्यक्ष) सदस्य-थारू भाषा मानक मस्यौदा समिति
अध्ययनकर्ता	–	**श्री कुछत नारायण चौधरी**, संयोजक, थारू भाषा मानक मस्यौदा समिति, थाकस ।
अध्ययनकर्ता	–	**श्री शान्ति चौधरी**, कवि, लेखक ।
अध्ययनकर्ता	–	**श्री ईन्द्र चौधरी**, शिक्षक ।
अध्ययनकर्ता	–	**श्री सियाराम चौधरी**, महासचिव, थारू भसा साहित्य केन्द्र नेपाल ।

सचिवको मन्तव्य

नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक तथा बहुसांस्कृतिक विशेषताले सम्पन्न राष्ट्र हो। यस विविधताभित्र थारू भाषा थारू समुदायको पहिचान, सभ्यता, संस्कृति, इतिहास तथा जीवनपद्धतिको महत्वपूर्ण आधारका रूपमा रहेको छ। थारू समुदाय नेपालका विभिन्न भौगोलिक क्षेत्रमा फैलिएको कारण भाषागत रूपमा पनि विविधता पाइन्छ। यही विविधताबीच साझा सञ्चार, अध्ययन-अनुसन्धान, साहित्य सिर्जना तथा भाषाको संरक्षण र विकासका लागि थारू भाषाको मानकीकरण आजको महत्वपूर्ण आवश्यकता बनेको छ।

थारू आयोग ले थारू समुदायको भाषा, साहित्य, कला, संस्कृति तथा पहिचानको संरक्षण, संवर्द्धन र विकासलाई आफ्नो प्रमुख प्राथमिकतामा राख्दै आएको छ। थारू भाषाको समृद्ध मौखिक तथा लिखित परम्परालाई भावी पुस्तासम्म सुरक्षित रूपमा हस्तान्तरण गर्न, भाषाको प्रयोगलाई संस्थागत बनाउन तथा शैक्षिक, प्रशासनिक र सञ्चार माध्यममा प्रयोगको आधार तयार गर्न थारू मानक भाषाको विकास अपरिहार्य रहेको छ। यही उद्देश्यलाई केन्द्रमा राखी थारू मानक भाषा सम्बन्धी अध्ययन, छलफल, परामर्श तथा अनुसन्धानका आधारमा यो प्रतिवेदन तयार गरिएको हो।

थारू आयोग ऐन, २०७४ ले आयोगलाई थारू समुदायको भाषा, साहित्य, लिपि, संस्कृति तथा परम्परागत ज्ञानको संरक्षण, अध्ययन तथा प्रवर्द्धनका लागि आवश्यक कार्य गर्ने जिम्मेवारी प्रदान गरेको छ। सोही कानुनी व्यवस्था तथा संवैधानिक भावनाअनुरूप आयोगले थारू भाषाका विभिन्न भाषिक रूपहरूको अध्ययन गरी साझा मानक भाषाको आधार निर्माण गर्ने कार्यलाई विशेष महत्व दिएको छ।

थारू मानक भाषा निर्माणको उद्देश्य कुनै पनि स्थानीय भाषिक रूप वा उपभाषाको महत्वलाई कम गर्नु नभई थारू भाषाका विविध रूपहरूबीच आपसी समझदारी, एकरूपता तथा भाषिक एकता कायम गर्नु हो। मानक भाषाको विकासले पाठ्यपुस्तक निर्माण, शब्दकोश प्रकाशन, साहित्य लेखन, अनुवाद, सञ्चार माध्यममा प्रयोग, सूचना प्रवाह तथा डिजिटल सामग्री उत्पादनमा महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास गरिएको छ। यसले थारू भाषालाई आधुनिक ज्ञान, विज्ञान तथा प्रविधिसँग जोड्दै यसको दीर्घकालीन संरक्षण र विकासमा समेत सहयोग पुऱ्याउनेछ।

यस अध्ययन तथा मानकीकरण प्रक्रियामा योगदान पुऱ्याउने भाषाविद्, अनुसन्धानकर्ता, साहित्यकार, शिक्षाविद्, थारू भाषा अभियन्ता तथा विभिन्न क्षेत्रका बुद्धिजीवीहरूप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु। विशेषगरी थारू भाषाका विविध भाषिक रूप, शब्दभण्डार, व्याकरण तथा प्रयोगसम्बन्धी ज्ञान र अनुभव प्रदान गरी यस कार्यलाई सफल बनाउन सहयोग गर्नुहुने सम्पूर्ण व्यक्तित्वहरू सम्मानका पात्र हुनुहुन्छ।

प्रस्तुत प्रतिवेदनले थारू भाषाको संरक्षण, संवर्द्धन तथा विकासका लागि महत्वपूर्ण आधार सामग्रीको रूपमा कार्य गर्ने विश्वास गरिएको छ। साथै यसले थारू भाषाको शैक्षिक, साहित्यिक, प्रशासनिक तथा प्राज्ञिक प्रयोगलाई थप सुदृढ बनाउँदै भाषा विकासको दीर्घकालीन मार्गचित्र निर्माणमा योगदान पुऱ्याउने अपेक्षा गरिएको छ।

अन्त्यमा, प्रस्तुत प्रतिवेदनमा कुनै त्रुटि, कमी वा सुधार गर्नुपर्ने पक्षहरू हुन सक्ने भएकाले विज्ञ पाठक, भाषाविद् तथा सरोकारवालाबाट प्राप्त सुझावहरूलाई आयोगले सकारात्मक रूपमा ग्रहण गर्ने प्रतिबद्धता व्यक्त गर्दछ। साथै समयको आवश्यकता, भाषिक विकास र प्रयोगकर्ताहरूको अनुभवका आधारमा थारू मानक भाषालाई थप परिष्कृत, समृद्ध तथा व्यवहारमुखी बनाउँदै लैजाने विश्वास दिलाउन चाहन्छु।

थारू भाषाको संरक्षण र विकास नै थारू समुदायको पहिचान, संस्कृति तथा अस्तित्वको संरक्षण हो भन्ने विश्वासका साथ यो प्रतिवेदन सार्वजनिक गरिएको छ।

– रुद्र प्रसाद लामिछाने

आयोगको भनाइ

थारू समुदाय नेपालको प्रमुख आदिवासी जनजाति तथा मूलवासी समुदायमध्ये एक हो। यस समुदायको आफ्नै मौलिक भाषा, संस्कृति, परम्परा, जीवनशैली र सभ्यता रहेको छ। पूर्वी झापादेखि पश्चिमी कञ्चनपुरसम्म फैलिएको विशाल भू-भागमा थारू समुदायको बसोबास रहेको छ। यस्तो विस्तृत भौगोलिक फैलावटका कारण थारू समुदायभित्र विभिन्न सामाजिक, सांस्कृतिक तथा भौगोलिक परिवेशअनुसार भाषिक विविधता विकास भएको छ। फलस्वरूप थारू भाषाका विभिन्न उपभाषाहरू प्रचलनमा रहेका छन्, जसले थारू भाषिक सम्पदालाई अझ समृद्ध बनाएको छ।

नेपालको संविधानले मातृभाषाको संरक्षण, संवर्द्धन र विकासलाई नागरिकको मौलिक अधिकार तथा राज्यको दायित्वका रूपमा स्वीकार गरेको छ। सोही संवैधानिक भावना अनुरूप थारू भाषाको संरक्षण, विकास र प्रवर्द्धन आवश्यक रहेको छ। भाषिक विविधताको सम्मान गर्दै थारू समुदायबीच साझा सञ्चार, शैक्षिक सामग्री निर्माण, अनुसन्धान, साहित्य विकास तथा प्रशासनिक प्रयोगमा सहजता ल्याउन मानक भाषाको विकास अपरिहार्य देखिन्छ।

थारू आयोगले थारू भाषाका विभिन्न उपभाषा, भाषिक विशेषता तथा विद्यमान प्रयोगको अध्ययन-अनुसन्धानका साथै भाषा विज्ञ, शिक्षक, साहित्यकार तथा समुदायका सरोकारवालासँगको परामर्शका आधारमा थारू मानक भाषाको विकासलाई प्राथमिकतामा राखेको छ। आयोगको धारणा अनुसार मानक भाषा निर्माणको उद्देश्य कुनै एक उपभाषालाई स्थापित गरी अन्य उपभाषालाई कमजोर पार्नु होइन, बरु सम्पूर्ण थारू समुदायलाई जोड्ने साझा भाषिक आधार तयार गर्नु हो। त्यसैले मानकीकरण प्रक्रिया समावेशी, सहभागितामूलक, वैज्ञानिक र समुदायको भावना अनुरूप हुन आवश्यक छ।

थारू मानक भाषाको विकासले पाठ्यपुस्तक, शब्दकोश, व्याकरण, साहित्य तथा अन्य शैक्षिक सामग्री निर्माणमा महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास आयोगले लिएको छ। साथै, यसले थारू भाषाको संरक्षण, पुस्तान्तरण, अनुसन्धान तथा डिजिटल माध्यममा भाषाको प्रयोग विस्तार गर्न समेत सहयोग पुऱ्याउनेछ। यसबाट थारू भाषाको अध्ययन-अध्यापन सहज हुने, साहित्यिक विकास तीव्र हुने तथा सरकारी तथा गैरसरकारी क्षेत्रमा भाषाको प्रयोग विस्तार हुने अपेक्षा गरिएको छ।

थारू भाषाको मानकीकरणले नयाँ पुस्तासम्म भाषाको हस्तान्तरणलाई प्रभावकारी बनाउन मद्दत गर्नेछ र थारू पहिचान तथा सांस्कृतिक सम्पदाको संरक्षणमा महत्वपूर्ण योगदान पुऱ्याउनेछ। साथै, यसले थारू समुदायभित्र आपसी सञ्चार र एकताको भावनालाई अझ सुदृढ बनाउनेछ।

अन्त्यमा, थारू भाषाको संरक्षण, संवर्द्धन र विकासका लागि योगदान पुऱ्याउने सम्पूर्ण भाषा विज्ञ, साहित्यकार, शिक्षक, सामाजिक अगुवा तथा सम्पूर्ण थारू समुदायप्रति आयोग हार्दिक आभार व्यक्त गर्दछ। आयोग आगामी दिनमा पनि थारू भाषाको अध्ययन, अनुसन्धान तथा विकासका कार्यलाई निरन्तरता दिँदै भाषा, संस्कृति र पहिचानको संरक्षण तथा सुदृढीकरणमा प्रतिबद्ध रहने विश्वास दिलाउँछ।

– माननीय सुबोध सिंह थारु
का.वा. अध्यक्ष

दुई शब्द

नेपाल बहुभाषिक, बहुसाँस्कृतिक, बहुजातीय र बहुधार्मिक लोकतान्त्रिक गणतन्त्रात्मक मुलुक हो । नेपालको संविधानले सबै मातृभाषालाई राष्ट्र भाषाको रूपमा स्वीकार गरेको छ । संविधानको धारा-३२ ले भाषा तथा संस्कृतिलाई मौलिक हकको रूपमा स्थापित गरी नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, साँस्कृतिक सभ्यता र सम्पदाको सम्बर्द्धन गर्ने हक हुनेछ भनी सुनिश्चित गरेको छ । नेपालको राष्ट्रिय जनगणना २०७८ अनुसार यहाँ १२४ किसिमका भाषाहरू रहेको जनाएको छ । यो विविधता नै नेपालको विशेषता हो ।

थारू नेपालको चौथो ठूलो जनसंख्या भएको जातीय समूह हो । यसको जनसंख्या १८ लाख ७ हजार १२४ छ अर्थात् नेपालको कुल जनसंख्या २ कडोर ९१ लाख ९२ हजार ४८० को ६.१९ प्रतिशत हो । थारू भाषीको संख्या १७,१४,०९१ रहेको छ । नेपालमा थारू मातृभाषीको संख्या सम्पूर्ण जनसंख्याको ५.८८ प्रतिशत रहेको छ । थारू जाति नेपालको २४ वटा जिल्लामा बसोबास गरेको पाइन्छ । विभिन्न स्थानमा छरिएर रहेका थारूहरू एउटै जातिका हुन र उनीहरूका मातृभाषा पनि एउटै हो तर उनीहरूका मातृभाषा स्थान भेदले गर्दा तथा लामो दूरीमा बसोबास गर्ने भएर एक-अर्कादेखि छुट्टा-छुटै बस्ने भएर तथा अन्य भाषाको प्रभावले उनीहरूको मातृभाषामा केही फरक आएको देखिन्छ । थारू भाषा थारू जातिले मात्र नभई थारू समुदायसँग सँगै बसोबास गर्ने अन्य जातीय समुदायको पनि मातृभाषाको रूपमा रहेको देखिन्छ ।

विकासको दृष्टिले कुनै पनि जनसमुदायमा एकता हुनु नितान्त आवश्यक हो र एकताको लागि मातृभाषा लेखनशैलीमा एकरूपता हुनु त्यतिकै जरुरी हुन्छ साथै एउटै समुदायको धेरै प्रकारको लेखनशैली भएमा मातृभाषा संरक्षण र विकास गर्नलाई सहज हुँदैन । यी कुराहरूलाई राम्ररी मनन गरेर थारूका शुभचिन्तक, विद्वान, नेता, बुद्धिजीवी, समाजसेवीको साथै थारू सामाजिक संघ-संस्थाहरूले थारू आयोगको आर्थिक तथा बौद्धिक सहयोगमा थारू भाषाको मानक भाषा बनाउनको लागि निमाङ मिडिया तथा थारू कल्याणकारिणी सभाले लकडाउनको समयमा अनलाइन बहस चलाएको थियो । यी कुराहरू समेतलाई मध्यनजर गर्दै थारू आयोगले थारू कल्याणकारिणी सभाको समन्वयमा २०७८ साल साउन ३१ देखि भदौ २ गतेसम्म ३ दिनको बैठक गरी तत्कालको लागि पहिले समान लेखनशैली अपनाउने निर्णय गरी यो मानक भाषा बनाउने काममा सबै एकमत भई काम अगाडि बढाई सकेको छ । यी निर्णयहरूलाई सबै सरोकारवाला समक्ष सजिलैसँग पुर्याउने उद्देश्यले थारू आयोगबाट अहिले थारू भाषा लेखनशैली निर्देशिका तयार गर्ने काम गर्न लागेको छ र उक्त कार्यको लागि थारू भसा साहित्य केन्द्र नेपाललाई विश्वास गरेर जिम्मेवारी दिनु भएकोले यो संस्था थारू आयोग प्रति हार्दिक आभार व्यक्त गर्दछ ।

भाषा धेरै संवेदनशील विषय हो । कुनै पनि भाषाको मानक भाषा बनाउने काम झन गाह्रो हुन्छ । मानक भाषा लेखेर मात्र हुँदैन । त्यो भाषा सर्वमान्य, सर्वस्वीकार्य र व्यवहारिक पनि हुनु पर्दछ । त्यसैले सहमति-पत्रमा उल्लेख भए अनुसारका चरणमा हामी आगाडि बढयौं । पहिलो व्यवस्थापन समिति र थारू कल्याणकारिणी सभासँग छलफल गरेर सबै सदस्यहरूलाई जानकारी गरायौं र यो काम सम्पन्न गर्न आपसमा कार्य विभाजन गर्यौं, दोश्रो चरणमा कार्यविभाजन अनुसार स्रोत सामग्रीहरू जम्मा गर्ने काम सम्पन्न गरियो । त्यसपछि निर्देशिकाको पहिलो ड्राफ्ट तयार गरी सबै

सरोकारवालाहरू बीच छलफल गर्न एक ठाउँमा बस्यौं तर हाम्रा मस्यौदा समिति बीच केही कागजी व्यवस्थापन र काम बाँडफाँड गरी अगाडि बढने सहमति भए पनि समितिका साथी विभिन्न कारणहरूले गर्दा र कामको जिम्मा पाएकाहरूको कार्य व्यस्ताले गर्दा सहमति अनुसारको काम समयमा सम्पन्न हुन नसकेर पहिलो ड्राफ्ट फाइनल हुन केही ढिला हुन गएको कारण स्थलगत रूपमा गएर काम गर्नमा पनि केही ढिला हुन गएको हो। जे जसो भए पनि समितिका सदस्यहरू, थारू कल्याणकारिणी सभाका पदाधिकारीहरू र थारू आयोगका माननीय सदस्य ज्यूको साथ र सहयोगले गर्दा हामी पहिलो चरणको स्थलगत भ्रमणमा पश्चिमका जिल्लाहरू मध्ये २०८० फागुन १६ गते धनगढी कैलाली, सोही महिनाको १८ गते नेपालगंज, बांके, १९ गते घोराहीको दाङ र २० गते परासी, पश्चिम नवलपुरमा बहुसर्‍यक सरोकारवालाहरूसँग थारू भाषा लेखनशैली मस्यौदा उपर छलफल र अन्तरक्रिया गरी सुझावहरू संकलन गर्ने काम सम्पन्न गरियो। यो टिममा केन्द्रबाट थारू भसा साहित्य केन्द्रका अध्यक्ष भुलाई चौधरी र आयोगबाट माननीय सदस्य भोलाराम चौधरी चारै केन्द्रमा सहभागी हुनुभएका थिए भने थारू कल्याणकारिणी सभा, थारू भाषा मानक मस्यौदा समितिबाट धनगढी र नेपालगंज केन्द्रमा अनिलदत्त चौधरी र घोराही र परासी केन्द्रमा संयोजक कुछत नारायण चौधरी ज्यूको सहभागिता रहेको थियो। त्यस्तै दोस्रो चरणकोरूपमा २०८१ साल बैसाख १५ गते सुनसरी जिल्लाको दुहबी स्थित दिनेश चौधरी स्मृति प्रतिष्ठानको सभा कक्षमा झापा, मोरंग र सुनसरी जिल्लाका थारू कल्याणकारिणी सभाका पदाधिकारीहरू, विद्वानहरू, सरोकारवालाहरू र थारू भाषा साहित्य केन्द्रबा नेपालबाट अध्यक्ष भुलाई चौधरी, महासचिव सियाराम चौधरी, थारू मानक मस्यौदा समितिबाट समितिका उप-संयोजक बुद्धसेन चौधरी तथा थारू आयोगबाट माननीय सदस्य भोलाराम चौधरीको उपस्थिति रहेको थियो। त्यस्तै २०८१ बैसाख १७ गते सिरहा जिल्लाका श्री आदर्श पशुपति मा. वि. को हलमा सिरहा, उदायपुर र सप्तरीका थारू कल्याणकारीणी सभाका पदाधिकारहरू, सरोकारवालाहरू र केन्द्रबाट भुलाई चौधरी, सियाराम चौधरी र मस्यौदा समितिबाट बुद्धसेन चौधरीको उपस्थितिमा थारू मानक भाषा लेखनशैली मस्यौदा बारे गहन छलफल भएको थियो। यस्तै किसिमले २०८१ साल बैसाख २० गते जब्दी, सर्लाहीमा धनुषा, महोत्तरी र सर्लाही जिल्लाका थारू कल्याणकारिणी सभाका पदाधिकारिहरू, अन्य संघ संस्थाका पादाधिकारीहरू बुद्धिजीवी बीच, केन्द्रबाट महासचिव सियाराम चौधरी र मानक मस्यौदा समितिबाट बुद्धसेन चौधरीको सहभागितामा थारू मानक भाषा लेखनशैली पहिलो निर्देशिका निर्माण गर्ने सम्बन्धमा छलफल तथा अन्तरक्रिया सम्पन्न भएको थियो। यस्तै किसिमले तेश्रो चरणको रूपमा २०८१ साल बैसाख २९ गते चितवन र नवलपुरका थारू कल्याणाकरिणि सभाका पदाधिकारीहरू, सरोकारवालाहरू र केन्द्रबाट अध्यक्ष भुलाई चौधरी, मानक मसौदा समितिबाट महेश कुमार चौधरी र थारू आयोगका माननीय भोलाराम चौधरीको उपस्थितिमा भरतपुर थाकसको सभा कक्षमा बुँदागत रूपमा छलफल भएको थियो। अन्त्यमा २०८१ साल बैसाख ३१ गते बारा जिल्लाको बकुलियामा भवानीपुरमा पर्सा, बारा, रौतहट र मकवानपुर जिल्लाका थारू कल्याणकारिणी सभाका पदाधिकारीहरू, सरोकारवालाहरू र केन्द्रबाट भुलाई चौधरी, थारू मानक मस्यौदा समितिका सदस्य महेश कुमार चौधरी र थारू आयोगबाट माननीय सदस्य भोलाराम चौधरीको उपस्थितिमा बकुलिया क्याम्पसको हलमा थारू मानक भाषा लेखनशैली निर्धारणको विषयमा बृहत छलफल तथा अन्तरक्रिया सम्पन्न भएको थियो। सबै स्थानहरूमा भएको छलफल र अन्तरक्रिया सौहार्द्रपूर्ण वातावरणमा सम्पन्न भई मानक लेखनशैली निर्माणमा एकमत भएको थियो।

गोष्ठीमा समितिका साथीहरूले बोडेमा भएको १२ बुँदा भित्र रहेर ड्राफ्ट मस्यौदा पेस गर्नु भएको थियो भने माननीय

सदस्य भोलाराम चौधरीले गोष्ठीमा उठेका प्रश्नहरूमाथि जवाफ दिनु भएको थियो। यस किसिमले गोष्ठी २४ जिल्लाको ९ वटै केन्द्रमा सम्पन्न गरेर प्राप्त सुझावहरू प्रतिवेदनमा समावेश गरी तयार गरिएको छ। सबै किसिमको गोष्ठी तथा अन्तरक्रियामा थारू कल्याणकारिणी सभाका पदाधिकारीहरू, सबै सरोकारवालाहरू हामीले अनुरोध गरेको स्थानमा उपस्थित भई गोष्ठीमा आफ्नो अमूल्य राय- सल्लाह तथा सुझावहरू प्रदान गरी यो अभियानमा साथ दिनु भएकाले सहभागीहरू सबैजनालाई धेरै धेरै धन्यवाद दिन चाहन्छु।

निर्देशिकामा नयाँ भन्दा पनि बोडे, सानोठिमीमा भएको १२ बुँदे निर्णयहरूलाई नै स्पष्ट रूपमा सम्पूर्ण सरोकारवालाहरूसम्म पुर्याउन यो अध्ययन निर्देशिकाको प्रयत्न हो जसले गर्दा सबैले सजिलैसँग थारू भाषा लेख्न, बुझ्न र सजिलैसँग व्यवहारमा उतार्न सकून्। यसले थारू भाषाको लेखाइको विविधता चाडै अन्त हुनेछ भने पूर्वदेखि पश्चिमसम्मका थारूभाषाको एउटै लेखाई कायम भई आपसी एकता र सदभाव पनि बलियो हुनेछ भने आशा छ।

हामीलाई विश्वास छ कि यो लेखनशैली निर्देशिका अनुसार गर्ने हो भने थारूभाषा अवश्य सबै थारू समुदाय र थारू भाषीको लागि बोधगम्य हुनेछ र थारू भाषा बोल्ने सबै थारू समुदाय र अन्य समुदाय जहाँको भए पनि एकै किसिमको विश्वासको अनुभूति गर्नेछन्।

प्रस्तुत अध्ययन अनुसन्धान प्रतिवेदनको थालनीदेखि अन्तिम रूपरेखा तयार पार्ने कार्यसम्म विभिन्न सन्दर्भ सामग्रीहरूमा रहेका लेख रचनाहरूको लेखकहरू प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दै अध्ययन अनुसन्धानमा थारू भाषा मानक मस्यौदा समितिका पदाधिकारीहरू, सक्रिय सहयोग गर्ने थारू भसा साहित्य केन्द्रका पदाधिकारीहरू, अध्ययन समितिका सदस्यहरू र प्रत्यक्ष अप्रत्यक्ष रूपमा सहयोग गर्नुहुने सबैजना प्रति आभार व्यक्त गर्दछौ साथै भाषा विशेषज्ञ डा. नेत्रमणि दुमीराई समेतले यो लेखनशैली निर्देशिका ड्राफ्टमाथि विस्तारमा निर्देशन र सम्पादन गरी सहयोग गर्नु भएकोले वहाँहरूलाई पनि थारू भाषा साहित्य केन्द्र, नेपालको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट धन्यवाद दिन चाहन्छु। साथै समय सापेक्ष अध्ययन अनुसन्धान गरी थारू मानक भाषा लेखन निर्देशिका तयार गर्नका लागि हामी माथि विस्वास गरेर हामीलाई अवसर प्रदान गर्नु भएकोले थारू आयोग प्रति हार्दिक आभार प्रकट गर्नुको साथै यो कार्यको लागि संयोजकको रूपमा रहनु भई सुरुदेखि अन्तसम्ममा समन्वय र स्थलगत रूपमा सँगै खटी गइ साथ र सुझाव दिनु हुने माननीय श्री भोलाराम चौधरी ज्यूप्रति कृतज्ञता प्रकट गर्दछु। कारी महतो र हृदय नारायण चौधरी ज्यूले लिखित रूपमा नै थप शब्दहरू उपलब्ध गराई यो अभियानमा सक्रिय सहयोग पुऱ्याउनु भएकोले वहाँहरूलाई पनि हार्दिक धन्यवाद दिन चाहन्छु। यो अनुसन्धानात्मक अध्ययन लेखनशैलीले थारू भाषीहरूको लेखनमा एकरूपता कायम भई थारू मानक भाषा निर्माणमा कोसेढुङ्गाको रूपमा आधार तयार गर्नमा सहयोगी र उपयोगी हुनेछ भनि विश्चास व्यक्त गर्दछु।

२०८३ असार

भुलाई चौधरी

अध्यक्ष, थारू भसा साहित्य केन्द्र,

नेपाल तथा मुख्य अध्ययनकर्ता थारु मानक भाषा लेखन निर्देशीका समिति

विषय सूची

अध्याय-१

१. **थारू भाषा लेखनशैली निर्देशिका** १५

१.१ परिचय १५

१.२ उद्देश्य १५

१.३ सिद्धान्त १५

१.४ विशेषता १६

१.५ अध्ययन क्षेत्र १६

१.६ अध्ययन विधि १६

१.७ अध्ययनको औचित्य र महत्व १६

अध्याय-२

२. **थारू र थारू भाषा** १७

२.१ परिचय १७

२.२ थारू १७

२.३ थारू भाषा १९

२.४ थारू लिपि २१

अध्याय- ३

३. **थारू वर्णमाला** २२

३.१ थारू वर्णमाला २२

३.२ स्वर वर्ण (एकल) २२

३.२.१ स्वर वर्ण (दित्व) २४

३.२.२ लघुत्तम युग्म २४

३.३ व्यञ्जन वर्ण २५

३.३.१ व्यञ्जन वर्णबाट बनेका थारु शब्दहरु २६

अध्याय- ४

४ **महाप्राण/मौलिक वर्ण** ३५

अध्याय- ५

५.१ थारू मौलिक शब्द ३६

अध्याय-६

६.१ थारू भाषाका मौलिक शब्दहरुको श्रोत ३७

अध्याय-७

७.१ चन्द्रबिन्दु (ँ) ३८
७.२ पञ्चमवर्णको प्रयोग ३८
७.३ पाउँबिन्दुको प्रयोगका नियम ३८

अध्याय-८

८.१ थारू मौलिक शब्दहरूमा ह्रस्व इ, उ र दीर्घ ई र ऊ को प्रयोग ३९

अध्याय- ९

९.१ थारूमा आगन्तुक शब्दहरूका लेखन विधि ४०

अध्याय-१०

१०.१ थारू भाषामा श, स, ष को प्रयोग ४१

अध्याय-११

११.१ थारू मानक भाषामा ब, व को प्रयोग ४२

अध्याय-१२

१२.१ विभक्तिको प्रयोग ४३

अध्याय-१३

१३.१ निपातको प्रयोग ४५

अध्याय-१४

१४.१ सयुक्त शब्दहरू ४६

अध्याय-१५

१५.१ संयुक्त क्रियाहरू ४७

अध्याय-१६

१६.१ विराम चिन्हको प्रयोग ४८

अध्याय- १७

१७.१ थारु भाषा मानकीकरण कार्यशाला गोष्ठीको निर्णय ४९

अध्याय-१८

१८.१ थारूभाषी क्षेत्रको स्थलगत छलफल र अन्तरक्रियाबाट प्राप्त राय सल्लाह र सुझावः ५०

अध्याय-१९

१९.१ निष्कर्ष र सुझावः- ५१

अनुसूची

अनुसूची १ - सन्दर्भ सामग्री ५२

अनुसूची २- सहभागीहरूको नामावली ५५

अनुसूची ३ - केहि तस्विरहरु ६८

अध्याय-१

थारू मानक भाषा लेखनशैली निर्देशिका अध्ययन अनुसन्धान २०८१

१.१ परिचय :

भाषाको मानकीकरण नै त्यस भाषाको संरक्षण, सम्बर्द्धन र प्रवर्द्धन गर्ने एउटा सशक्त माध्यम हो। यसले भाषाको स्तरीयकरणमा बृद्धि गर्नुका साथै दस्तावेजीकरणमा समेत महत्वपूर्ण भूमिका खेलेको हुन्छ। थारू भाषा नेपालको प्राचीन भाषा, बोलीचालीमा सशक्त रहेको भए पनि लेखकीय हिसाबले सबल रहेको देखिँदैन। थारू हकहित र संस्कृतिको संरक्षणका लागि थारू कल्याणकारिणी सभाको स्थापना पश्चात यसले थारू भाषालाई जोड्ने प्रयास नगरेको भने होइन, तर त्यसको बाबजूद पनि विभिन्न आरोह-अवरोह पार गर्दै थारू भाषाले स्थायित्व लिन सफल भएको छ। मानकीकरणका लागि थारू कल्याणकारिणी सभाले प्रकाशन गर्दै आएको "थारू संस्कृति पुस्तक" पहिलो पटक २०३३ सालमा प्रकाशन भएको थियो। थारू मानकको सम्बन्धमा विभिन्न किसिमको बहस र छलफल भए पनि लोकतन्त्रको स्थापना पश्चात यसले एउटा संवैधानिक हकका रूपमा स्थान ग्रहण गरेको छ। तत्पश्चात थारू मानक भाषाको सम्बन्धमा विभिन्न विद्वानहरूको लेख, छलफल, बहस जस्तो कार्यक्रम भई नै रहेको सन्दर्भमा संवैधानिक आयोगको रूपमा रहेको थारू आयोगबाट भक्तपुरको बोडेमा भएको कार्यशाला गोष्ठी र त्यसबाट पारित भएको बुँदाहरूका आधारमा थारू भाषा लेखनशैली निर्देशिका निर्माणका लागि थारू भसा साहित्य केन्द्र नेपालसँग सम्झौता भए अनुरूप यस केन्द्रले थारू आयोगको सहयोग तथा थारू कल्याणकारिणी सभाको समन्वयमा दान राज रेग्मी, नेत्रमणी दुमीराई लगायत अन्य संघ संस्था र व्यक्तित्वहरू समेतको छलफल तथा राय सल्लाहलाई मध्यनजर गर्दै साझा लेखनशैली निर्माणका लागि थारू भाषा लेखनशैली अध्ययन अनुसन्धान गरी यो प्रतिवेदन तयार गरिएको हो। यो अध्ययनलाई १८ अध्यायमा व्यवस्थित गरिएको छ।

१.२ अनुसन्धान निर्देशिकाको उद्देश्य:

- नेपालभरीका थारू भाषामा समान लेखनशैलीको प्रयोग गर्ने।
- थारू भाषा लेखनशैलीमा एकरूपता कायम गर्ने।
- थारू मौलिक शब्दहरूको पहिचान तथा संरक्षण गर्ने।
- थारू भाषाको मौलिक शब्दहरू उच्चारण अनुसार लेख्ने बानीको विकास गर्ने।

१.३ सिद्धान्त:

- उच्चारणको सही प्रतिनिधित्व
- लेखनशैलीमा एकरूपता
- सिक्नका लागि सजिलो

- सुविधा र सहजता
- स्वीकार्य र सहमतिपूर्ण

१.४ विशेषता:

- यसले थारू मूल शब्दहरूलाई खोजी गर्नुको साथै संरक्षणमा टेवा पुऱ्याउँछ।

१.५ अध्ययनको क्षेत्र:

यस अध्ययनको क्षेत्र थारू आयोगबाट मिति २०७८ साउन ३१ गतेदेखि भदौ २ गतेसम्म भक्तपुरको कृषि विकास बैंकको तालिम केन्द्र, बोडेमा भएको थारू भाषा मानकीकरण कार्यशाला गोष्ठीबाट निकालिएको १२ बुँदे लेखन निर्देशिकालाई प्रमुख आधार मानेर नेपाल भरीका थारू समुदायले बोल्ने भाषा र प्रकाशन भएका विभिन्न सामग्रीहरू, थारू भाषा साहित्य, शब्दकोश, व्याकरण इत्यादि समेतको अध्ययन र बाक्लो थारू बस्ती रहेको ठाउँमा स्थलगत भ्रमण गरी विज्ञहरूको छलफल तथा अन्तरक्रियात्मक कार्यक्रम गरी प्राप्त राय-सल्लाह र सुझाव समेत समावेश गरी अध्ययन प्रतिवेदन तयार गरिएको छ।

१.६ अध्ययनको विधि:

अध्ययनलाई नेपालको राष्ट्र भाषा नेपाली तथा अन्य राष्ट्र भाषामा प्रकाशन भएको मानक लेखनशैली निर्देशिका, भाषा लेखन सम्बन्धमा भएको प्रकाशन, लेख रचना, विभिन्न प्रतिवेदन तथा थारू आयोग र स्थानीय स्तरमा थारू कल्याणकारिणी सभा र अन्य संध-संस्था तथा व्यक्तिहरूलाई भेला(जम्मा) गराई छलफल तथा अन्तरक्रिया गरी थारू आयोग र थारु कल्याणकारिणी सभा समेतको समन्वयमा विज्ञहरूको उपस्थितिमा बृहत छलफल तथा अन्तरक्रिया गरी अन्तिम रूप दिइएको छ।

१.७ अध्ययनको औचित्य र महत्व:-

भाषा सञ्चारको माध्यम मात्र नभएर एउटा बन्धन पनि हो, जसले त्यो भाषा समूहलाई बाँधेर राखेको हुन्छ। भाषा समूह भित्र - बाहिर को-को पर्दछ ? त्यो भाषाले निर्धारण गरेको हुन्छ। मानिस चाहेर पनि यो बन्धनबाट मुक्त हुन सक्दैन। भाषाको कुनै सीमारेखा हुँदैन। थारू भाषाको संरक्षण, थारू समुदायको संस्कृति र पहिचानका लागि थारू भाषाको मानकीकरण आवश्यक रहेको छ। जसका लागि सबैभन्दा पहिले लेखाइमा एकरूपता कायम गर्नुपर्ने हुन्छ। यो अध्ययन प्रतिवेदनले लेखाइमा शुद्धिकरण गर्नुका साथै सर्व स्वीकार्यताका लागि महत्वपूर्ण भूमिका निर्वाह गर्दछ। यसले संवैधानिक सर्वोच्चता कायम गरी संविधानको धारा- ३२ मा रहेको भाषा तथा संस्कृतिको हकको कार्यान्वयनमा मद्दत गर्दछ। धारा-५७ मा रहेको राज्य शक्तिको बाँडफाँड अन्तर्गत तिनै तहको सरकारलाई जिम्मेवारी बोध गराउने काम गर्दछ। तसर्थ संवैधानिक तथा कानूनी हकको अन्तर्राष्ट्रिय मूल्यमान्यता सहित पहिचानका लागि पनि थारू मातृभाषा जोगाउन थारू भाषा लेखनशैलीको औचित्य र महत्व रहेको छ।

अध्याय-२

थारू र थारू भाषा

२.१ परिचयः

सामान्य अर्थमा भाषा सञ्चारको एक सशक्त माध्यम हो । यसको उद्देश्य कुनै माध्यमबाट खबर पठाउनु र प्राप्त गर्नु हुन्छ । नेपाली बृहत शब्दकोश (२०७७) अनुसार भाषा भन्नाले मनका भाव वा विचार अर्को छेउ प्रकट गर्ने सार्थक शब्द वा वाक्यहरूको समूह, आशय वा भाव व्यक्त गर्ने सार्थक ध्वनि समूह, वाणी, बोली, व्यक्ति विशेषले लेख्ने र बोल्ने ढंग, शैली, कुनै देशका बासिन्दाले बोलचाल गर्ने साहित्ययुक्त प्रचलित शब्दावली, कुराकानी, बातचित भनेर उल्लेख गरेको छ ।

आदिम कालदेखि थारू जातिको पनि आफ्नै भाषा रहेको छ । तर लेखनशैलीको अभाव र एक आपसमा सम्पर्क, सञ्चार तथा विचारको आदान- प्रदानको अभावले गर्दा थारू भाषामा क्षेत्र अनुसारको उच्चारण तथा अन्य भाषाको प्रभावले गर्दा सामान्यरुपमा हेर्दा केही फरक परेको देखिन्छ । सामान्य फरक देखिएता पनि थारू समुदायले प्रयोग गर्ने मौलिक शब्दहरू करिब करिब उस्ता-उस्तै रहेका छन् भने संस्कार र रहन-सहनमा पनि समानता रहेको देखिन्छ । अहिलेको आधुनिक समयमा छरिएर रहेको विविधता भित्रको एकता कायम गरी थारू भाषालाई अझ स्तरीय र लोप हुनबाट बचाउन थारू भाषा लेखनशैलीको आवश्यक्ता अपरिहार्य भएकोले थारू आयोगको सहयोग र समन्वयमा यो थारू भाषा लेखनशैली निर्देशिका अध्ययन प्रतिवेदन तयार गरिएको हो । लेखनशैली निर्देशिकाका लागि विभिन्न किसिमको प्रकाशित अन्य भाषाको लेखनशैली निर्देशिका, प्रकाशनहरू, विज्ञहरूको विचार तथा छलफल र स्थानीयहरूसँगको स्थलगत छलफल तथा थारू कल्याणकारिणी सभा लगायतक अन्य थारू सम्बद्ध संस्थाहरूसँगको अन्तरक्रिया र प्रकाशित पुस्तकहरूको अध्ययनबाट यो अध्ययन प्रतिवेदन तयार गरिएको हो । थारू भाषाको आफ्नै लिपि रहेको भनिए तापनि त्यसको तथ्यपरक अनुसन्धान र लिपि निर्धारण भइनसकेको हुनाले देवनागरी लिपिलाई नै प्रयोग गरिएको छ भने देवनागरी लिपिमा लेखिएको अन्य भाषाको व्याकरण तथा शब्दकोशलाई समेत आधारको रूपमा लिइएको छ ।

२.२ थारू

थारूहरू नेपाल बाहिरको अन्य कुनै भौगोलिक क्षेत्रबाट बसाई सरी आएको प्रमाण पाइँदैन साथै नेपाल भित्रको आफ्नो भौगोलिक सीमाभन्दा बाहिर गएर वैवाहिक सम्बन्ध राख्ने परम्परा पनि उनीहरूमा पाँइदैन । आधुनिक लेखक, अन्तर्राष्ट्रिय संस्थाहरू र राज्यको कानूनी व्यवस्थाले सृजना गरेको विविध परिभाषाबाट थारूहरू भूमिपुत्र, प्रथम बासिन्दा, जाति, जनजाति समुदाय, आदिवासी मान्ने गरिएको छ । ज्ञात इतिहासको आधारमा जमिनको सुरुवाती प्रयोग गर्ने मानव समूहलाई प्रथम मानव भन्न सकिन्छ र यस अर्थमा थारूहरूको नाम सगौरव लिन सकिन्छ । थारू इतिहास अध्ययन प्रतिवेदन (२०७९) ।

थारू जातिलाई सभ्यताका अग्रदुत भन्ने गरिन्छ। यसले पनि थारू भाषाको सुरुवात प्रथम मानवसँगै भएको सहजै मान्न सकिन्छ।

नेपालको राष्ट्रिय जनगणना, २०७८ अनुसार नेपालमा थारूको जनसंख्या १८ लाख ७ हजार १२४ र राना थारू ८३,३०८ समेतलाई जोड्दा १८,९०,४३२ हुन आउछ। यो नेपालको कुल जनसंख्या २ करोड ९१ लाख ६४ हजार ५७८ को ६.४८ प्रतिशत छ। यो जाति नेपालको चौथो ठूलो जातीय समूह हुन्।

आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ अनुसार नेपालका सूचीकृत ५९ वटा जातजातिमध्ये थारू एक आदिवासी जनजाति हो। नेपालको पूर्वदेखि पश्चिमसम्मको थरुहट तराई तथा भित्री मधेश क्षेत्र, भारतको उत्तर प्रदेश र बिहारमा समेत थारू जातिको बसोबास रहेको पाइन्छ। थारूहरूको भौगोलिक तथा बसोबास क्षेत्रलाई थरुहटको नामले चिनिन्छ। थारू जातिको बसोबास भएको हुनाले थरुहट नाम रहन गएको हो। (स्थाननाम-कोश, २०४४) ने. रा. प्र. प्रतिष्ठान।

थारू समुदायको छुट्टै भाषा, भेषभूषा तथा मौलिक संस्कृति, रहनसहन, खानपान, परम्परा, चालचलन, पर्व, साँस्कृतिक नाचगान, पहिचान तथा इतिहास रहेको छ। नेपालको २४ जिल्लामा झापा, मोरङ, सुनसरी, उदयपुर, सप्तरी, सिरहा, धनुषा, महोतरी, सर्लाही, बारा, रौतहट, पर्सा, मकवानपुर, चितवन, नवलपुर, परासी, रुपन्देही, कपिलवस्तु, दाङ, सुर्खेत, बाँके, बर्दिया, कैलाली र कंचनपुर जिल्लाहरूमा थारूहरूको बढी जनघनत्व रहेको छ।

नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान कमलादी काठमाडौंद्वारा २०३० सालमा प्रकाशन भएको पर्यायवाची शब्दकोशमा पेज १२७ देखि १३३ सम्ममा थारू भाषाको मौलिक शब्दहरू, त्यसको अर्थ र प्रयोग दिइएको छ। उक्त शब्दकोशमा रहेको थारू भाषी क्षेत्रलाई पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मको तराई थरुहट तथा भित्रि मधेश क्षेत्रलाई थारू भाषी भनी उल्लेख गरिएको छ।



स्रोत : पर्यायवाची शब्दकोश, (२०३०) ने.रा.प्र. प्रतिष्ठान।



स्रोत : https://en.wikipedia.org/wiki/Tharu_languages

२.३ थारू भाषा :

थारू भाषा थारू जातिको मातृभाषा हो। यो भाषा थारू जाति जतिकै पूरानो भाषा हो। नेपालमा बोलिने थारू भाषामा क्षेत्रगत विविधता भएता पनि सबैको मूलरूपमा बोलिने मातृभाषा थारू भाषा एउटै हो। यो नेपालको पूर्वी र पश्चमी थारू लोक गीतहरूमा कुनै भिन्नता पाइदैन। केवल बोलचालको भाषा र क्रियाको प्रत्ययमा सामान्य फरक रहेको छ। यो भाषाको प्रारम्भिक नाम प्राकृत, जनभाषा, अवहट्ठ, देसील भाषा हुँदै अपभ्रंश भई आधुनिक भाषाको रूपमा रहेको छ। थारू आधुनिक नाम भएकाले थारूभाषा लेखिएको इतिहासमा भेटिँदैन तर अध्ययन गर्ने हो भने यही अवहट्ठ प्राकृत भाषाबाट नै अहिलेका यो जम्बूदिपीय आधुनिक भाषाहरू आएको देखिन्छ। हाम्रा यी आधुनिक सम्पर्कीय भाषाहरूमध्ये नेपाली, हिन्दी, मैथिली भाषाहरू भाषा स्तरीकरणको अभियानमा एक हजार वर्ष पहिलेनै आ-आफ्ना भाषाहरू स्तरीय बनाएका थिए। अहिले हामी सिङ्गो थारू समुदाय मिलेर थारू भाषा स्तरीकरण गर्न लेखनशैली निर्देशिका बनाउने काममा लागेका छौं।

अवहट्ठ (आवहट्ठ) जो आव+हट्ठ जहाँ आव भनेको पानी र हट्ठ भनेको स्थान (ठौर) अर्थात् दलदल, सीम ठाउँको भाषा हो, जुन स्थानका बासिन्दा भनेको आजका थारू हुन्। त्यसैले अवहट्ठ भाषा भनेको थरूहटको आजको थारू भाषा हो (सिंह, (१९६४)।

आजका थारू भाषा भनेको पहिलेका अवहट्ठ वा देशी भाषा हो। देशी भाषा भनेको गाउँघरमा बोलिने भाषा हो। यसलाई गाउँघरमा परापूर्वकालदेखि बोलिदै आएका स्थानीय भाषाको रुपमा बुझिन्छ। जहाँ थारूहरू माछा, गंगटो, घोङ्गी, सितुवा(सिपी) खाएर हजारौँ हजार वर्षदेखि यो मार्सील्याण्ड (दलदले जमिन जहाँ मलेरिया लाग्ने सम्भावना बढी हुन्छ) मा बस्दै आएका छन्।

महाकवि विद्यापति सिमरौनगढका (हालको बारा जिल्ला) थारू राजा शिवसिंहको दरबारिया विद्वान थिए। उनले थारू, संस्कृत र मैथिली भाषामा साहित्य रचना गरेका थिए। थारू भाषाका दुई महाकाव्यहरूमध्ये एउटा कीर्तिलता

र अर्को कीर्तिपताका हो। यी महाकाव्यहरूको भाषा थारू भाषा वा अवहट्ठ भाषा वा देसील भाषा रहेको छ। यसको पहिलो पेजमा नै कवि विद्यापतिले दुई पंक्ति यसरी लेख्नु भएको छ-

"देसिल बअना सब जन मिठा, तँ तैसन जम्पो अबहट्ठा "।

अर्थात् यो देसी भाषा सबैका लागि मिठो छ। त्यसैले म यो देसील भाषामै यी महाकाव्यहरू लेख्न लागेको छु (सिंह,१९६४)।

थारू भाषाको उत्पतिको सम्बन्धमा भाषाशास्त्रीहरूमा मतैक्यता छैन। यस भाषा प्रचलनको मुख्य क्षेत्र नेपालको तराई क्षेत्र हो। डा. कैलाश चन्द्र भाटियाको अनुसार थारू भाषा नेपालको तराई साथै भारतको गोण्डा तथा बहराइच जिल्लाको केही भागमा बोल्ने गरिन्छ। त्यस्तै डा. भोलानाथ तिवारीले पनि थारू भाषा नेपालको तराईमा थारू नाम गरेको आदिवासीद्वारा बोलिने जनबोली हो भनी स्वीकारेका छन् (कुमार,२००३)।

स्तरीकरण गर्नुको अर्थ थारूभाषा स्तरीय छैन भन्ने होइन। थारू भाषा सरल र धनी छ। त्यसैले यति लामो समयसम्म यो भाषा विभिन्न आरोह-अवरोहको बीच पनि अस्तित्वमा रहिरहेको छ। यो थारूभाषा आर्य पूर्वका (प्रि-आर्यन) भाषा हो।

अहिलेका भाषा-विज्ञान अनुसार यो आधुनिक थारू भाषा भारोपेली समूहको मागधी प्राकृत समूहबाट आएको हो। अहिले यो थारू भाषाको आफ्नो लिपिमा बृहत खोज अनुसन्धान भई निश्चित लिपि कायम हुन नसकेको अवस्थामा यो भाषालाई देवनागरी लिपिमा लेख्ने गरिएको छ।

पालि भाषा पनि अवहट्ठ प्राकृतकै एउटा रूप हो, जो त्यस समयको राज भाषा थियो। भगवान बुद्धले आफ्नो ज्ञान वा धर्मको प्रचार समेत यसै भाषामा गर्नु भएको थियो। राम्रो ज्ञान भएको हुनाले ज्ञानको सँगसँगै पालि भाषाको पनि खूब प्रचार भयो, तर अहिले अभिलेखमा र केही सिमित विद्वानहरू बाहेक नेपालमा पालि भाषाको प्रयोग भइरहेको देखिँदैन।

भारोपेली परिवार



स्रोतः थारु दस्तावेज, (२०५७)

२.४ थारू लिपि:

जुनसुकै भाषा लिपिबद्ध गर्न वा लेख्न लिपिको आवश्यकता पर्छ। लेखाइ कुनै पनि भाषाको मूर्तरूप हो। लिपि कृत्रिम हुन्छ, तर पनि लिपि कुनै पनि भाषाको गरिमा हो। लिपि भाषालाई सजिलैसँग उसको मौलिक उच्चारण अनुसार लेख्न सकिने कुरो विचार गरेर बनाएको हुन्छ।

थारू लिपिका सम्बन्धमा गहन अध्ययन भएको देखिँदैन। अग्रजहरूका अनुसार त्यतिखेर गाउँघरका चैठसार (थारू विद्यालय) मा पढाइ हुँदाखेरीका वर्ण (लिपि) नै थारू लिपि हुन्। त्यतिखेर गाउँ पिच्छे चैठसारहरू हुन्थे र हरेक चैठसारका गुरुजी (शिक्षक) थारूहरू नै हुने गर्दथे। उनीहरूले लेख्ने वर्ण अहिले हामीले स्कूलमा लेख्ने वर्णहरूभन्दा केही फरक किसिमका थिए। त्यतिखेरका दस्तावेज, कागज-पत्रहरू थारू लिपिमा लेख्ने गरिन्थ्यो। जुन कागज-पत्रहरू चैठसारमा नपढेकाहरूका लागि पढ्न र लेख्न सहज थिएन। गाउँ घरमा सरकारी कारोवार गर्ने पटवारीहरू प्रायः सबै थारूहरू नै हुने गर्दथे। ती ऐतिहासिक लिखतहरू राम्ररी केलाउने हो भने थारू लिपि पत्ता लाग्न सक्छ। थारू प्रगन्ना प्रणालीको अन्त्य भई तत्कालीन सरकारले थारू पटवारीहरूले गर्ने काममका लागि केन्द्रबाट कर्मचारी खटाई प्रशासनिक लगायत अन्य कामको जिम्मा लगाएपछि थारू लिपिमा लेखापढी बन्द भएको हो। थारू पटवारीहरूले राखेको दस्ताबेजहरू सरकारले नै जिम्मा लिएको तथा बाँकी रहेका केही दस्ताबेजहरू पनि पटबारीहरूको देहावसान पछि चितामा नै जलाउने गरेको तथा फाल्ने गरेकोले हाल प्रचलनबाट हटेको हो। ती लिखतहरूमा थारू भाषा र थारू लिपि समेत रहेको थियो। हाल थारू भाषामा देवनागरी लिपि नै प्रयोग भइरहेको छ।



चौधरी, चन्द्रकान्त सिंह, (२०६४)

थारू भाषाको लिपिको बारेमा केही काम भएको जस्तो देखिन्छ, जुन सप्तरी निवासी सिमरौनगढको महरानी ईसरावतिका सन्ततिहरू पूर्व माननीय श्री चन्द्रकान्त चौधरीको थारू तिरहुत वंशावलीको किताबमा उल्लेख गरिएको छ। थारू लिपि पत्ता लगाउनका लागि छुट्टै बृहत खोज अध्ययन र अनुसन्धाको आवश्यक्ता रहेको छ। गौतम बुद्धसँग थारूहरूको सामिप्यताले थारूहरूको लिपि खोज्दा बुद्धसँग सम्बन्धित ब्रम्ही/धम्म लिपिको अध्ययन गर्नुपर्ने जरुरी देखिन्छ।

अध्याय- ३

थारू वर्णमाला

३.१ थारू वर्णमाला :

थारू भाषाको उच्चारण अनुसार स्वरवर्णहरू र व्यञ्जनवर्णहरूलाई निम्न तरीकाले व्यवस्थित गरिएको छ। यी वर्णहरूलाई शब्दकोशको वर्णाक्रम अनुसार थारू भाषाका लागि लेख्यको रूपमा निम्न तरिकाले राखिएका छन्। थारू भाषामा थारू मौलिक शब्दहरू निम्न अनुसारका कथ्य र लेख्य दुवैमा आवश्यक भएकाले कथ्यमा ७ वटा स्वरवर्ण र लेख्यमा १० वटा स्वरवर्णहरू निर्धारण गरिएको छ।

कथ्यमा ७ र लेख्यमा १० वटा स्वरवर्णहरू

कथ्य	अ	आ	इ	ई	उ	ए	ओ						
लेख्य	अ	आ	इ	ई	उ	ऊ	ए	ऐ	ओ	औ			

३.२ स्वरवर्ण (एकल) :

शब्दका सुरुमा, बीचमा र अन्त्यमा आउने स्वरवर्णका उदाहरणहरू निम्न अनुसार छन्।

वर्ण	स्थान	बनेका थारू शब्दहरू	नेपाली अर्थ
अ	सुरुमा	अनकर, अनहेर, अनमन, अनाज, अरगर, असोखा	अरुको, जुलुम, मनमुटाव, अन्न, स्थिर/अडकिन सकिने, फोहर ठाउँ
	बीचमा	भगत, भरन, कगना, डुह्नाअस	नाम विशेष, लय, एक किसिमको महिलाले लाउने गहना, दुहनलायक
	अन्त्यमा	बसन्त, चलत, गमक	नाम, चल्ने,वासना
आ	सुरुमा	आम, आदी, आँच, आमद, आङ, अमरुख, आकुर	आँप, अदुवा, ताप, आम्दनी, शरीर, मुर्ख, थप/अरु
	बीचमा	बिआह, बिथार, बिआइर, रिआज	विवाह, फैलाउनु, आराको धार मिलाउनु, अभ्यास
	अन्त्यमा	चुल्हिआ, चिल्हौरिआ, खढिया, खटिया	चुलो, चिल, खरायो, खाट

इ	सुरुमा	इजोत, इपार, इन्तजाम, इजौरिया, इलम	उज्यालो, नदिको वारी, व्यवस्था, महिनको शुक्ल पक्ष, सीप
	बीचमा	कोइया, गाइर, महताइर, ठाइढ, आइट, कोदाइर, माइट	तेल निकाल्ने सानो डाडु, गाली, आमा, हाँगा, टर्रो स्वाद, कोदालो, माटो
	अन्त्यमा		
ई	सुरुमा		
	बीचमा		
	अन्त्यमा	छेगरी,फेंफी,ढेंकी,	बाख्रा, नाकको फुली, ढिंकी
उ	सुरुमा	उमहर, उमकल, उगहैन, उजर, उगरल, उजर्ना	उता, तर्सिएको, इनारबाट पानी निकाल्न प्रयोग हुने डोरी, सेतो, बाँकी रहेको, भत्काउनु
	बीचमा	बउवा, झमकौउवा, छउर, थउर, अउंट, गेउरी	बाबु, छिटो ताल भएको लोक प्रिय गित, खरानी, थारू, दुधलाई उबाल्नु, भंगेरा
	अन्त्यमा	चलाउ, पैहराउ, कमाउ, बिकाउ, माउ	चलाउनु, लुगा लगाउने काम, गोडमेल, बिक्रिका लागि, आमा
ए	सुरुमा	एकैस, एहेन, एकरा, एलहा, एरी,	एक्काईस, यस्तो, यसलाई, आएको, एडी,
	बीचमा	कएक, गएल, खाएल	कती, अनुपस्थित,खाए
	अन्त्यमा	काए, पगलाए	किन, पागल
ओ	सुरुमा	ओनङ, ओकर, ओगर, ओरा, ओझरल,ओडरा	त्यसरी, उसको, कुर्नु, सकाउ, अल्झेको, मुसा मार्ने औजार
	बीचमा	आघेओर, पिओर, मटोओर,	आगाडितिर, शुद्ध, चिम् टियालो माटो बढी हुनु
	अन्त्यमा	आओ, खाओ	आउनु, खाउ

३.२.१ स्वरवर्ण (दित्व)

थारू भाषामा दित्वस्वरको वितरण :

दित्वस्वर	उदाहरण
/अउ /	अउरे-अर्को
/आउ /	आउर-अरु
चाउर-चामल	
/अइ /	बैठ -बस्नु
अइबे-आउँछस	
/आइ/	आइटा -आउँदैछ
भुखाइल -भोकाएको	
/ इउ/	तिउन- तरकारी

दित्वस्वर	उदाहरण
भिउन -डरलाग्दो	
/एइ/	येइबैर-यहि पल्ट
येइलिय -आउनुभयो	
/उइ/	बोलुइया- बोल्ने मान्छे
/एउ/	जेउना -खाना
गेउहु-गहुँ	
/इअ/	पिअ-पिउनु
/इए/	पिए-पिउँथ्यो

३.२.२ लघुत्तम युग्मः-

कुनै एउटा शब्दमा एउटा वर्णलाई अर्को कुनै वर्णले विस्थापन गर्दा अर्थ फरक पर्न जान्छ भने त्यो छुट्टै वर्ण हुन्छ।

क / ख	काँच (काँचो)	खाँच (मिलाउने काम)
क / ग	काल (मृत्यु)	गाल (गाला)
ख / घ	खाम (खाम)	घाम (पसिना)
च / छ	चार (छाना)	छार (छाना लाउने काम)
ज / झ	जोर (ताकत)	झोर (झोल)
छ /झ	छान (छान्नु)	झाट (आँधि)
ट /ठ	टोर (पानि चुहिने)	ठोर (ओठ)
ट / ड	टार (घुम्मति)	डार (ढाँढ)
ठ / ढ	ठेकी (दही राख्ने भाँडो)	ढेकी (ढिकी)
त /थ	ताक (हेर्नु)	थाक (थुप्रो)

द / ध	दर (सिंगै)	धर (शरीर)
प / फ	पर (अर्को)	फर (फल)
प / ब	पाइन (पानी)	बाइन (बानी)
ब / भ	बात (कुरा)	भात (भात)
म / न	मान (सम्मान , आदर)	नान (ल्याउनु)
य / व	यार (साथी)	वार (प्रहार)
र / ल	रास (थुप्रो)	लास (शव)
स/ह	रस (रस)	रह (पख)

३.३ व्यञ्जन वर्ण:

थारू मानक भाषाको व्यञ्जनवर्णहरूको हकमा कथ्यमा २९ वटा र लेख्यमा ३६ वटा व्यञ्जनवर्णहरू हुने गर्दछन् तर लेख्यमा तत्सम, तदभव र आगन्तुक शब्दहरू जस्ताको त्यस्तै लेख्ने भएर देवनागरी लिपीका सबै वर्णहरू चाहिन्छन ।

कथ्यमा २९ वटा व्यञ्जनवर्णहरू:

क	ख	घ	घ	ङ
च	छ	ज	झ	
ट	ठ	ड	ढ	
त	थ	द	ध	न
प	फ	ब	भ	म
य	र	ल	व	
स	ह			

लेख्यमा ३६ व्यञ्जनवर्ण:

क	ख	ग	घ	ङ
च	छ	ज	झ	ञ
ट	ठ	ड	ढ	ण
त	थ	द	ध	न

प	फ	ब	भ	म
य	र	ल	व	श
ष	स	ह	क्ष	त्र
ज्ञ				

उच्चारणको आधारमा थारू भाषामा ३६ वटा व्यञ्जनवर्णहरू पाइन्छ। यी वर्ण अनुसारको थारू शब्दहरू र त्यसको नेपाली अर्थ निम्न अनुसार रहेकोले त्यसलाई यसरीनै प्रयोग गरिन्छ।

३.३.१ ब्यञ्जन वर्णबाट बनेका थारु शब्दहरु:-

शब्दका सुरुमा, बीचमा र अन्त्यमा आउने व्यञ्जनवर्णका उदाहरणहरू निम्न अनुसार छन्।

वर्ण	स्थान	बनेका थारू शब्दहरू	नेपाली अर्थ
क	सुरुमा	कनिया, केनङ, कनपैट, कलेमचे	दुलही, कसरी, कनचट्ट, विस्तारै
	बीचमा	मोकरा, बोकल, ढकनी, तकथा, धकल, पकर, फेकलहा, कट्करी	माकुरा, बोकेको, एक प्रकारको माटोको भाँडो, काठको बक्ला (फल्याक), धकेल, समात, फालेको, पोकते धान
	अन्त्यमा	झाँक,लरक, चटक, पटक, फटक, सटाक, गमक, झरक, झौंक, धकपक	खन्याउ, लम्क, तमासा, पछार, नाङ्लोले अन्न निखार्नु, तुरुन्त, सुगन्ध,राप, आगोमा हाल्नु, अलमल
ख	सुरुमा	खता, खरही, खबौनी, खर, खचर, खहखह, खटा,खधकल, खपा, खरा, खरखराह, खपरी,	खाल्डो, खरायो, रोटी बनाउने काठको साँचो, खरकुटकुट, बदमास, रापलो आगो, अमिलो, उम्लेको, खापा, खरेटो, खम्रो, चावलको भुजा भुटने माटोको वर्तन,
	बीचमा	कौंखरा, सुखलहा, देखल, पाखन,जोखल, निखार, राखल, भाखल, साँखर, पैखना/पखना	गंगटो, सुकेको, देखेको, ढुङ्गा, जोखेको, चिन्ह, राखेको, कबुल गरेको, एक किसिमको सर्प/साँगुरो,प्वाँख
	अन्त्यमा	भाखा, काँख, खौंख, कारिख, राख, अबरख	कबुल गरेको, काँखी, भिक्नु, भाडामा लागेको आगोको कालो राप, खरानी, एक प्रकारको फल

ग	सुरुमा	गरमी, गमछा, गरा,गल, गचा, गरै, मुरै, गैंहर	गर्मी, गम्छा, घाँटीमा केही कुरा अडकिनु, झम्पल, सनो खम्बा,एक प्रकारको माछा, मुला, गहिरो
	बीचमा	चुगला, खागल, करगर, जोगलहा, उगरल, छगरा, छनगर, मैगर	कुरा लगाउने व्यक्ति, जरुरी, बलियो, बचाएर राखिएको, उब्रेको, भाले बाख्रा, सुन्दर , मिलनसार
	अन्त्यमा	जाग, भोग, जोग, बिजोग, फुलुंगा	ननिदाउ, खेप्नु, बचाएर राख्नु, बिजोग, फोका
घ	सुरुमा	घसार, घमौरी,घैला, घुरी, घुर, घोंक, घिनाह, घजार,घघरा, घनगर	गाईवस्तुलाई घाँस खुवाउन बनाएको चीज, गर्मीले शरिरमा निस्कने सानो सानो फौसरी, घैंटो, डोरी, फर्किनु, घोल्नु, रड्डी, झोल पदार्थलाई घोल्ने काम, घाघर, घना/बाक्लो
	बीचमा	उघरल, बसघरा, पिघल, बघहा, लघही,	उघारेको, पाहुना बस्न तथा समूहमा छलफलका लागि बनाइएको घर, पगल्नु, शरीरको मासु बटारिनु, पिसाब
	अन्त्यमा	जाँघ, माघ, मेघ, घोघ, घेघ	तिघ्रा, माघ महिना, बादल, घुम्टो, गलगाँड
ङ	सुरुमा	ङ्याक	घाँटी निमोठ्नु, नियन्त्रणमा लिनु
	बीचमा	नङट, नङटे, नेङर, घोङही, गोंङर, सोंङर, जङहा,	उच्छृङ्खल, नाँगो, लङ्गरो, घोङ्ही, चितुवा, आफ्नो ठाउँ भन्दा अन्तै दाँत निस्कनु, मान्छे जान सक्ने तर गाई वस्तु पार नहुनको राखिएको अबरोध
	अन्त्यमा	मिरदङ, सङ, बेदरङ, हुरदुङ, टाङ	एक किसिमको ठूलो मादल, साथ, नमिलेको, हतपत्त कुरा नबुझ्ने आफ्नै तालमा गर्ने व्यक्ति, खुट्टा

च	सुरुमा	चहक, चरकल, चटान, चटा, चुटा, चटक, चमेटा, चट्वा	हुनु, चर्केको, खुला पथरिलो ठाउँ, चटाउनु, चिम्टा, जादु, हातको हत्केलाको भाग, काठको डाडु
	बीचमा	कचक, खचर, पिंचास, घचनाइर, बचरु, बचन	बिझ्नु, बदमास, भुतपिंचास, लाटो, घोडाको बच्चा, बोली
	अन्त्यमा	पाच, साँच, खाँच, किच, घिंच, घेचचेच	दाग बस्ने गरी शरीरमा छाप्ने काम, सत्य, केही कुरा बनाउने भाँडो, कुल्चनु, तान्नु, घाटीको जैविक बाँध
छ	सुरूमा	छगरा, छहकल, छनगर, छटु, छहाइर, छपरा, छटिया	खसी, फुर्तीसाथ, राम्रो, चलाक, छायाँ छाप्रो, च्याउको एक प्रजाति
	बीचमा	कछगर, गछल, पछरल, बिछल, छछर, मछरी	अलि बाक्लो, कबुल गरेको, फैलिएर रहेको, छानेको, सर्नु, माछा
	अन्त्यमा	गछ, चाँछ, गाछ, माछ, पोंछ, मोछ	जरिवाना, माछा मार्ने एक किसिमको साधन, रुख, माछा, पुछ्नु, जुंगा
ज	सुरुमा	जहान, जलखै, जहर, जडहा, जवान, जतन, जरुवा, जन, जसन	परिवार, खाजा, विष, गाई बस्तु पार नहुनको राखिएको अबरोध, युवा, स्यहार सुसार, पधेंरो, मजदुर, हातमा लगाउने गहना
	बीचमा	उजर, काजर, गरज, छजल, बटकोही, पाँजर	सेतो, गाजल, जरुरी परेको, हात र शरिरको बीच, कथा, छेउ
	अन्त्यमा	भाँज, बाज, पियाज, साजबाज, परहेज, पिज	चलाउनु, बोल्नु, प्याज, सजिसजाउ, खानपानमा केहि त्याग्नु, पिव
झ	सुरुमा	झखरा, झटहा, झनकाह, झख, झर, झामरल	झारपात, झटारो, झनक्क रिसाउनु, त्यतिकै बसिरहेको, तल ओर्लनु, थाकेको
	बीचमा	ओझरा, बझहा, सोझहा, सोझगर, ओझर्याल, भझहा, रिझल, मझहा	अल्झिनु, पासोमा पार्नु, सिधा, सिधा रहेको, बल्झिएको, गाईवस्तुलाई खुट्टामा हुने रोग, पाकेको, काठको धुर्रा
	अन्त्यमा	समझ, बोझ, झाँझ, साँझ, सोझ	बुझ, भारी, ठूलो भाँडो, साँझको धुप दिने काम, सिधा

ट	सुरूमा	टग, टघरल, टटका, टपटप, टबना, टकवा	एकदम कमजोर, बगेको, ताजा, थोपा थोपा, पानी जमेको ठूलो खाल्डो, सुतली बाँटने औजार
	बीचमा	मोटगर, पटक, छिटकल, झटक, लटक, चटक, पटकी, टटका, सटका	मोटो, पछार्नु, छर्केको, जोरले तान्नु, झुन्डिनु, तमासा, सानो गुन्द्रि, ताजा, लट्ठी
	अन्त्यमा	खोंट, चोट, फटक, लट, सोट, घोंट, कुरकुट	नङले केहि निकाल्नु, हिर्काउनु, नाङ्गोले अन्न निखार्नु, दुब्लो, सर्को, निल्नु, बढारेको फोहोर, साना मसिना टुकराहरू
ठ	सुरुमा	ठठा, ठक, ठग, ठहक्का, ठढभसकी, ठनुवा	लट्ठीले हिर्काउनु, ठग्नु, ठग्ने ब्यक्ति, जोरले हाँस्नु, अक्क न बक्क उभिनु, देव स्थल
	बीचमा	कठगर, गिठर, जेठरैत, बैठकी, हठका, भरठर	कडा, गाँठो, गाउँको जेठो व्यक्ति, कुनै कामका लागि बोलाउने छलफल, जोरले हाँस्नु, भतमास
	अन्त्यमा	साँठ, जेठ, हेठ, जैंठ, डैंठ, मुठ	पठाउने काम, जेठो, तलभर्नु, पोखरीको बीचमा राखिने लिंगो, दियो बाल्नलाई बनाएको साधन,(पानस), पहिलो मुठो
ड	सुरुमा	डबरा, डगर, डमहा, डगमग, डटकरोर,	सानो पोखरी, फराकिलो बाटो,पाक्नलाई तयार अवस्था, हल्लिरहने अस्थिर, एक किसिमको जंगलमा हुने तरकारी (तामा)
	बीचमा	मडर, निडर,	थारूको एक थर, नडराउने
	अन्त्यमा	फोड, तोड, भडकल, भहैड, मर्जाड	फोड्नु, तोड्नु, तर्सिएको, भत्किनु, सम्मान

ढ	सुरुमा	ढकना, ढहल, ढढी, ढकिया, ढङ, ढरकाह, ढमार	माटोको छोप्ने भाँडो, भत्केको, सुतेको, बाँसको भाठोको टाट, बाँसको चोयाले बनाएको समान राख्ने भाँडो, जान्ने,ओरालो, माघी पर्वमा गाउने लोक गीत
	बीचमा	कढहा, ओढनी, कोढही, ढोढनी, चढता, खोढरार,	रुखा लागेको बेलामा खाने झोल पदार्थ, ओढ्ने कपडा, बिरुवामा भर्खरै पलाएको टुस्सा, नाइटो, उकालो, गुफा जस्तो
	अन्त्यमा	कोइढ, चढ, गढ, पढ, लोढ, मढ	अल्छी, चढ्नु, अक्सर बस्ने स्थान, पढनु, टिप्नु, मौरी
त	सुरुमा	तसला, तमा, तर, तमधैल, तरवा	कसौरी, चामाल नाप्नलाई बनाएको काठको भाँडो, तल, पितलको गग्री, पैताला
	बीचमा	कतरा, गतर, छहतर, पातर, बाँतर, मन्तर	एक किसिमको झार, शरीर,फटिचर, पातलो, बिरामी भएको बेलमा खान नमिल्ने चिज, मंत्र
	अन्त्यमा	आछत, करत, छाता, झरैत, पटकैत	पुजा गर्ने चामल, गर्नु, माहुरीको चका, झर्दै, पछार्दै
थ	सुरुमा	थकरा, थपरी, थम, थर, थरुहट, थला	कपाल कोर्ने घरेलु साधन, मुख सानो भएको माटोको भाँडो, केराको थम, बिउ(बिउ उमार्नु), थारूबासी क्षेत्र, सानो बिरुवालाई हिलो माटोले बेरेर राख्ने काम
	बीचमा	चेथरा, पथरल, पत्थर , मथमुरैन, भथरैत	टालो, आनन्द सँग बसेको, ढुंगा, ब्रतवन्ध, सुकसुक रुनु
	अन्त्यमा	माथ, हाथ, गाँथ, सामर्थ, नाथ	शिर, हात, गुथ्ने काम, सक्षम, वस्तुभावलाई नियन्त्र गर्ने नाकमा लगाउने डोरी

द	सुरुमा	दर, दरमाहा, दतुवाइन, दराइर, दरद, दरदमेदा	नच्यातिएको, तलब, दाँत माझ्ने साधन, चिरा परेको, दर्द, एक किसिमको रुख
	बीचमा	ओदरल, बेदरा, गदरा, चदरा, खोदहा, दालिदर	उप्केको, केटाकेटी, सुरुको दुध, जस्ता, ट्याटु, भुतपिचास
	अन्त्यमा	बरद, गाइद, गद, मरद	गोरु, बाँसको बीचको सेतो भाग, ढोलकको भित्री भागमा टाँसिएको लस्सादार पदार्थ, लोग्ने मान्छे
ध	सुरुमा	धनिक, धनी, धमधुसरी, धमक, धसा, धरिया,धनुख	मालिक, लोग्ने, शरीर धुलाम्य भएकोलाई बोलाउने शब्द, लम्किनु, माछा मार्ने बाँसले बनाएको साधन बिस्टी, धनुष
	बीचमा	खोधहा, गधहा, साधल, अधहा, खौधला, लधहा	गोदना, गद्धा, जाँचेको, आधी, खोल्डो, हलोमा पालो र हरिसलाई बाँध्ने डोरी (नारा)
	अन्त्यमा	साध, बध, मौध, पैध, बोध	बसमा ल्याउनु, हत्या, माहुरी, ठुलो, फकाउनु
न	सुरुमा	नर, नडट, नजैर, नस, नरहेल, नडटे, नक्टा	पुरुष, उच्छृङ्खल, दृष्टी, नशा, मुर्ख, नाङ्गो, एक प्रकारको झार
	बीचमा	गनह्याल, घनगर, चननहार, झनकाह, ठनका, छनक्या	गन्हाएको, बाक्लो (नजिकै नजिकै), घाँटीमा लगाउने थारू गहना, झनक्क रिसाउने, चट्याङ्ग, मुसा मार्ने हतियार
	अन्त्यमा	पारन, आन, चान, छान, सान, चम्पन	उपवास पछि विधिवत खानपानको सुरुवात, ल्याउनु, चन्द्रमा, छान्नु, तिखार्नु, खुशी

प	सुरुमा	पता, पतरा, पहु, पगरी, पमैरिया, पन्वा	पात, पात्रो, लोग्ने, पगडी, गीत गाएर मागी हिंड्ने ब्यक्ति, बुट्टा
	बीचमा	आपन, छुपल, आपन, टिपकल	आफ्नो, लुकेको, आफ्नो, भाँडो भरेर चुलिएको अवस्था
	अन्त्यमा	साँप, खिप, खेप, लेप, गपसप, अलप	सर्प, हुक, पालो, लिप्नु, कुराकानी, विलय
फ	सुरुमा	फर, फजका, फराक,फटक, फना, फरहर, फसेल	बिंया, अनावश्यक गप गर्नु, फराकिलो, नाङ्लोमा अन्न सफा गर्नु, पासो, फट्ट जवाफदिने खालको, सम्थर बराउ
	बीचमा	जाफर, कफन, सफर, अफवाह, आफत, ओफरी, उफरा,	एक किसिमको आयुर्बेदिक औषधी, कात्रो, यात्रा, अनावश्यक हल्ला, समस्या, गुइँठा, उपियाँ
	अन्त्यमा	भाफ, झौफ, नाफ, सेफ	बाफ, पानीमा हाम फाल्नु, एक किसिमको हरियो चिप्लो साग, सिंगान
ब	सुरुमा	बखरा, बगहा, बछर, बनह, बलगर, बठिन्या	हिस्सा, माँसपेशी बटारिनु, बर्ष, बाँध्ने काम, बलियो, तरुनी
	बीचमा	डबनी, हरबर, टबना, जेबर, डबला	माटोको सानो पानी राख्ने भाँडो, हतार, नदिले बनाएको ठूलो पानी जमेको भाग, गहना, काठको पन्यू
	अन्त्यमा	सब, करब, करिब	सबै, गर्नु, नजिक
भ	सुरुमा	भगल, भट, भनक, भसक, भन्सरिया,भर्कल	स्वाङ, घोप्टो, सुइँको, भासिनु, खाना पकाउने व्यक्ति, माटोको बिर्को
	बीचमा	बभना, भभरी, थभरल, छलभल	बाहुन, जमिनबाट पानी निस्कने मुहान, चुपचाप बसेको, छप्ल्याकछुप्लुक
	अन्त्यमा	काभ, जिभ, खभ, चोभ, डाभ	लेउ, जिब्रो, गाई बस्तु चराउनलाई निकाल्नु, चुस्नु, खर

म	सुरूमा	मरुवा, मगन, मझनी, मनाही, महताइर, मजहा	बिहे गर्ने मण्डप/देवथान, केही नबोलिकन बस्नु, रातको भोजन, आमा, परीक्षण
	बीचमा	गमन, चिमठी, जमरी, ठोमरी, चिमर, बेमटी	शुक्ष्म जानकारी, कमिला, चाँया, छालामा आउने बिबिरा, चाम्रो, च्याउको एक प्रजाति,
	अन्त्यमा	चिलम, खरम, हरदम, करम, लरम, चिमचाम	चिलिम, खराउ, संघै, कर्म, कोमलो, चुपचाप
य	सुरूमा	यकर, यते, यतेवते, यकिन, यहपार	यस्को, यता, अताउती, निश्चित, बारिओल्लो
	बीचमा	कायर, मयल, कायल, जायज, पियम, जियम	डरपोक, मैलो, बसमा, सही, पिउनु, जिउनु
	अन्त्यमा	मुदय, लय, जाय, ताय, ओसरिया	दुश्मन, कागज टाँस्नलाई पाकएको मैदा, जय, तावा, बच्चा न पाएको जवान भैसी
र	सुरुमा	रग, रगर, रन, रबी/रब्बी, रगबास,	शक्ति, दल्नु, युद्ध, बाली, तिघ्राको माथिल्लो भाग
	बीचमा	बरही, जरल, झारल, नरहेल, बरद	सिकर्मी, डढेको, झारेको, बदमास, गोरु
	अन्त्यमा	लैहर, माहुर, केकर, तिखार	माइती, एकप्रकारको प्राकृतिक बिष, कस्को, तिखार्नु

ल	सुरुमा	लहजा, लगले, लजौनी, लरना, लहास, लरबर	फाइदा, तुरुन्तै, लज्जाबती झार, अन्न भुट्ने बासले बनाएको साधन, शव, लल्याक लुलुक
	बीचमा	जलम, कलकतिया, कलर, जोलहा, जलखै, फुलरिया	जन्म, एक किसिमको आँप, सम्पति बिनाको, एक प्रकारको जाति, खाजा, फलफूलको बगैचा
	अन्त्यमा	अजबारल, अनठेकल, अनधोल, फाँसुल, झौसल, टहल	खालि गरिएको, ठेगान बिनाको, निस्साँसिनु, चुलेसी, रौ जलेको, घुमफिर
व	सुरुमा	वनङ, वकर, वह्या, वहलमान,वहिना, वहिम	त्यसो, उस्को, उही, बैलगाडी हाँक्ने व्यक्ति, उस्तै, त्यसैमा,
	बीचमा	छवरकनौन, खवर, हरवर, झवरझवर, जरावर	केटाकटीहरूसँग अनावश्य जिस्काएर दुःख दिनु, खबर, हतार, छिटोछिटो, घरको सबै सदस्यलाई दिने नयाँ लुगा
	अन्त्यमा	जबाव, तलाव, कहव, बास्तव, लौव, आव	जवाफ, तलाउ, भन्नु, साँच्चै, नयाँ, आउनु
